नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(कर्मचारी प्रशासन शाखा)

फोन नं. ४२६२५९०, ४२६२८०२, ४२६२७०६, ४२६२९३५, ४२६२८६२, ४२२३५८०

रामशाहपथ,
काठमाडौँ, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :- २०७६/०७७
चलानी नं. :- ४५८१

मिति : २०७७।०३।२५

**विषय :-** करारमा कर्मचारी पदपूर्ति सम्बन्धमा ।

श्री चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल, काठमाडौं ।
श्री कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला अस्पताल, जुम्ला ।
श्री राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, राप्ति उपक्षेत्रीय अस्पताल, दाङ ।
श्री पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पश्चिमाञ्चल क्षेत्रीय अस्पपताल, पोखरा ।
श्री स्वास्थ्य सेवा विभाग, टेकु ।
श्री औषधि व्यवस्था बिभाग, बिजुलीबजार ।
श्री आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग, टेकु ।
श्री राष्ट्रिय औषधि प्रयोगशाला, बिजुलीबजार ।
श्री सिंहदरबार बैद्यखाना, अनामनगर ।
श्री पशुपति होमियोप्याथिक चिकित्सालय, ललितपुर ।
श्री युनानी औषधालय, ललितपुर ।
श्री राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र, टेकु ।
श्री राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, टेकु ।
श्री राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकु ।
श्री राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र, भक्तपुर ।
श्री राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र, टेकु
श्री राष्ट्रिय ट्रमा सेन्टर, काठमाडौं ।
श्री कन्ति बाल अस्पताल, महाराजगञ्ज ।
श्री परोपकार प्रसुति तथा स्त्रीरोग अस्पताल, थापाथली ।
श्री शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पताल, टेकु ।
श्री मानसिक अस्पताल, ललितपुर ।
श्री नरदेवी आयुर्वेद अस्पताल, नरदेवी ।
श्री मानवअङ्ग प्रत्यारोपण केन्द्र, भक्तपुर ।
श्री राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र, कीर्तिपुर ।
श्री कोशी अस्पताल, विराटनगर ।
श्री नारायणी अस्पताल, वीरगन्ज ।
श्री भरतपुर अस्पताल, चितवन ।
श्री भेरी अस्पताल, नेपालगन्ज ।
श्री डडेलधुरा अस्पताल, डडेलधुरा ।
श्री किटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र, हेटौंडा
श्री गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (संगठन विकास शाखा)को प.सं. ०७६/०७७ च.नं. २८० मिति २०७७।०३।२१ को पत्रबाट करार/ज्यालादारी कर्मचारी भर्ना गर्ने सम्बन्धमा तपसिल बमोजिमको निर्णय कार्यान्वयनका लागि यस मन्त्रालयमा लेखि आएको हुँदा तहाँ र मातहतका निकायहरुमा तपसिल बमोजिम गर्ने गराउने व्यवस्था हुन यस मन्त्रालयको मिति २०७७।०३।२५ को निर्णयानुसार अनुरोध छ ।सो पत्र यसै साथ संलग्न छ ।

तपसिल

१. सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय र नेपाल सरकारका विभिन्न अस्थायी प्रकृतिका कुनै पनि आयोजनामा स्वीकृत भएको अस्थायी दरबन्दीमा समेत करार/अस्थायी सेवामा नयाँ भर्ना नगर्ने, कर्मचारी आवश्यक परेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग समन्वय गरी फाजिलमा रहेका कर्मचारीहरुबाट व्यवस्थापन गर्ने ।
२. बुँदा नं. (१) अनुसार पदपूर्ति हुन नसक्ने अवस्था भएमा र सो पद करार/अस्थायी/ज्यालादारीबाटै पूर्ति गर्नुपर्ने पर्याप्त आधार र कारण भएमा आर्थिक दायित्वका सम्बन्धमा अर्थ मन्त्रालयको र पदपूर्ति गर्ने सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहमति लिएर मात्र गर्ने ।

०३।२५

(अमिषा बस्नेत)
शाखा अधिकृत

बोधार्थः
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, आन्तरिक प्रशासन शाखा ।

नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

संगठन विकास शाखा

पत्र संख्या : ०७६/०७७

चलानी नं. : २८०

मितिः २०७७/०३/२१

**विषयः करारमा कर्मचारी पदपूर्ति सम्बन्धमा ।**

श्री स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय,
रामशाह पथ ।

कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम कर्मचारीहरुको संघ, प्रदेश र स्थानीय तहमा समायोजनको कार्य सम्पन्न भएको व्यहोरा बिदितै छ। कर्मचारी समायोजन पश्चात संघ, प्रदेश र स्थानीय तहमा स्वीकृत भएका दरवन्दीमा नपरेका वा दरवन्दी स्वीकृत भएता पनि पदनाम नमिलि समायोजन हुन नसकी फाजिलमा परेका, कतिपय स्थानीय तहले हाजिर नगराई फिर्ता गरेका र नेपाल सरकारबाट स्वीकृत प्राप्त अस्थायी प्रकृतिका आयोजनाहरुको म्याद समाप्त भई सम्बन्धित सेवा समूह संचालन गर्ने निकायमा हाजिर भएका कर्मचारीहरुलाई व्यवस्थापन गर्नु पर्ने अवस्था रहेको छ। साथै, नेपाल सरकारको आ.ब. ०७७/७८ को बजेट बक्तव्य अनुसार सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०७५ को प्रतिवेदन कार्यान्वयन गर्नु पर्ने र Covid-19 पछिको अवस्थाका कारण देशको आर्थिक पक्षलाई समेत मध्यनजर गरी फजुल खर्चमा कटौती गर्नु पर्ने भएको तथा निजामती सेवा ऐन, २०४९ को दफा ७ ग. बमोजिम निजामती कर्मचारीले गर्नु पर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न पाइने छैन भन्ने समेत व्यवस्था लगायतका कारणले गर्दा करार/ज्यालादारी कर्मचारी भर्ना गर्ने सम्बन्धमा यस मन्त्रालयबाट मिति २०७७/०३/२१ मा तपशिल बमोजिम निर्णय (मा. मन्त्रिस्तर) भएको व्यहोरा अनुरोध छ।

**तपशिलः**

१. सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय र नेपाल सरकारका विभिन्न अस्थायी प्रकृतिका कुनै पनि आयोजनामा स्वीकृत भएको अस्थायी दरवन्दीमा समेत करार/अस्थायी सेवामा नयाँ भर्ना नगर्ने, कर्मचारी आवश्यक परेमा यस मन्त्रालयसँग समन्वय गरी फाजिलमा रहेका कर्मचारीहरुबाट व्यवस्थापन गर्ने ।
२. बुँदा नं. (१) अनुसार पदपूर्ति हुन नसक्ने अवस्था भएमा र सो पद करार/अस्थायी/ज्यालादारीबाटै पूर्ति गर्नु पर्ने प्रर्याप्त आधार र कारण भएमा आर्थिक दायित्वका सम्बन्धमा अर्थ मन्त्रालयको र पदपूर्ति गर्ने सम्बन्धमा यस मन्त्रालयको सहमती लिएर मात्र गर्ने।

(हरि नारायण शर्मा)
शाखा अधिकृत

सिंहदरवार, काठमाण्डौ (+९७७)-(१) ..................................
सन्देश सूचना बोर्डः १६१८०१४२००३०९, इमेलःinfo@mofaga.gov.npवेबसाइटः http://www.mofaga.gov.np